## पाठ ४०

१. जब शाउलले परमेश्वरको आज्ञा उल्लङ्घन गरे त्यसपछि परमेश्वरले इजरायलको अर्को राजा बन्नलाई कसलाई छान्नुभयो ?

- दाउद ।

२. शाउल र दाऊद कसरी भिन्न थिए ?

- शाउलले तिनी परमेश्वरबाट अलग भएर पापमा जन्मेका छन् भनी विश्वास गरेनन्, तर दाऊदले गरे ।
- शाउलले परमेश्वरले सबै पापलाई मृत्युको दण्ड दिनुहुन्छ भनी विश्वास गरेनन्, तर दाऊदले गरे ।
- शाउलले परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भनी विश्वास गरेनन्, तर दाऊदले गरे ।
- शाउलले उद्धारकर्ता पठाउँछु भनी परमेश्वरले गर्नुभएको प्रतिज्ञामा विश्वास गरेनन्, तर दाऊदले गरे ।

३. जब दाऊदले दरबार निर्माण गरि सिध्याए त्यसपछि तिनले के गर्न चाहे ?

- दाऊदले परमेश्वरको निम्ति भवन बनाउन चाहे ।

४. परमेश्वरको मन्दिर बनाउने को हुनेवाला थियो ।

- दाऊदका छोरा सोलोमन ।

५. परमेश्वरले दाऊदसँग गर्नुभएको ठूलो प्रतिज्ञा के थियो ?

- दाऊदको वंशबाट उद्धारकर्ता पठाउनेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो ।

६. सोलोमनले परमेश्वरको निम्ति बनाएको मन्दिर इस्रेलीहरूले मरुभूमिमा उहाँको निम्ति बनाएको पालजस्तै कसरी थियो ?

- पाल र मन्दिर दुवैमा पहिलो खण्ड थियो जसलाई पवित्र स्थान भनिन्थ्यो ।
- पालर मन्दिर दुवैमा दोस्रो खण्ड थियो जसलाई महापवित्र स्थान भनिन्थ्यो ।
- पाल र मन्दिर दुवैमा यी दुई कोठालाई विभक्त गर्न पर्दा बनाइएको थियो ।

७. किनभने परमेश्वर पवित्र हुनुहुन्छ र सबै पापलाई घृणा गर्नुहुन्छ प्रधान पूजारीले महापवित्र स्थानमा गएर के गर्थे ?

- करारको सन्दुकमा तिनले जनावरको रगत छर्किन्थे ।

८.करारको सन्दुकमा पूजारीले रगत छर्केपछि परमेश्वरले के गर्नुहुन्थ्यो ?

- परमेश्वरले पापको निम्ति उत्तम मोल तैयार नहोऊन्जेल उहाँले दिनुहुने दण्ड रोकेर राख्छु भन्नुभयो ।

९. किन जनावरको रगत मानिसहरूको पापको मोल तिर्न सक्दैनथ्यो ?
- किनभने पापीको पापको मोल ऊ मरेपछि मात्रै पूरा हन्थ्यो ।

१०. सोलोमन राजा मरेपछि इज्रेलीहरूलाई के भयो ?
- इज्रेलीहरू तिनीहरूको अबको राजा को हुने भनेर छान्न असमर्थ भए ।

११. उत्तरको दश कुल के कहलाइयो ?
- इजरायल ।

१२. दक्षिणको दुई कुल के कहलाइयो ?
- यहूदा ।

- परमेश्वर किन मानिसहरूसँग सधैं बोलिरहनुहुन्छ ?
- ताकी तिनीहरू बाँचून् ।

- परमेश्वरले उहाँको सन्देश मानिसहरूलाई पनि दिनुभएको छ ताकि तिनीहरूले अरू मानिसहरूलाई सुनाऊन् र तिनीहरू बाँचून् ।

- परमेश्वरले उहाँको सन्देश नोआलाई दिनुभयो र नोआले यो सन्देश मानिसहरूलाई सुनाए ताकि तिनीहरू बाँचून् ।

- परमेश्वरले उहाँको सन्देश मोसालाई दिनुभयो र मोसाले यो सन्देश फारो र अरू मिश्रीहरूलाई सुनाए ताकि तिनीहरू बाँचून् ।

- परमेश्वरले उहाँको सन्देश यहोशूलाई दिनुभयो र यहोशूले यो सन्देश इज्रेलीहरूलाई सुनाए ताकि तिनीहरू बाँचून् ।

- एकदिन परमेश्वरले योना नाम गरेक एकजना इज्रेलीलाई बोलाउनुभयो ।

- परमेश्वरले उहाँको सन्देश योनालाई दिनुभयो र योनालाई निनवे नाउँ गरेको अधर्मी मानिसहरू बसोबास गर्ने शहरमा  उहाँको सन्देश लैजान भन्नुभयो ।

- निनवे शहरमा बस्ने मानिसहरू अस्सुरियन कहलाइन्थे ।

आउनुस् योना १:१-३क पद पढौं ।

परमप्रभु अमित्तैको छोरा योनासँग बोल्नुभयो। परमप्रभु भन्नुहुन्छ, [2] "निनवे एउटा ठुलो शहर हो, त्यहाँका मानिसहरूले दुष्ट कर्महरू गरिरहेको बिषयमा मैले सुनेकोछु। यसकारण, तिमी त्यो शहरमा जाऊ, अनि त्यहाँका मानिसहरूलाई ती नराम्रा कामहरू छोडिदेऊ भनी भन।"

[3] योनाले परमेश्वर को कुरा मानेनन्। यसकारण योना परमप्रभुबाट टाढा कतै भाग्ने प्रयास गरे। त्यसैले उनी यापो तिर गए। योना एउटा जहाजमा चढे जुन तर्शिशतिर जाँदै थियो। योनाले आफ्नो यात्राको निम्ति पैसा दियो अनि जहाजभित्र गएर बस्यो। योनाको इच्छा थियो कि उनी त्यो जहाजमा अरू मानिसहरूसितै तर्शिश जाने अनि परमप्रभुबाट कतै टाढा भाग्ने।

- योना किन निनवे शहरमा जाऊन् भन्ने परमेश्वर चाहनुहुन्थ्यो ?

- किनभने परमेश्वर निनवेका मानिसहरूलाई प्रेम गर्नुहुन्थ्यो ।
- किनभने परमेश्वर निनवेका मानिसहरूलाई बचाउन चाहनुहुन्थ्यो ।

- योना किन भागे ?
- योना भागे किनभने तिनी निनवे शहर जान चाहदैनथे ।

- योना किन निनवे शहर जान चाहदैनथे ?

- किनभने निनवेका मानिसहरू धेरै दुष्ट थिए ।
- किनभने निनवेका मानिसहरू इज्रेलीहरूका शत्रु थिए ।
- किनभने योजना परमेश्वरले निनवेका मानिसहरूलाई बचाएको चाहदैनथे ।

- के योना परमेश्वरबाट भाग्न सके ?

आउनुस् योना १:३ख-१० पद पढौं ।

योना एउटा जहाजमा चढे जुन तर्शिशतिर जाँदै थियो। योनाले आफ्नो यात्राको निम्ति पैसा दियो अनि जहाजभित्र गएर बस्यो। योनाको इच्छा थियो कि उनी त्यो जहाजमा अरू मानिसहरूसितै तर्शिश जाने अनि परमप्रभुबाट कतै टाढा भाग्ने।

[4] तर परमप्रभुले समुद्रमा भयानक तूफान उठाउनु भयो, समुद्रमा प्रचन्ड आँधी उठेर जहाजलाई त्यसले नाश गर्ला जस्तो भयो। [5] मानिसहरू चाहन्थे कि त्यो जहाज बचाउनको निम्ति त्यसलाई हलुका बनाउँ, त्यसैले जहाजको सबै सामानहरू उठाएर समुद्रमा फ्याँक्न थाले। मल्लाहरू धेरै डराएका थिए, प्रत्येक मानिसहरूले आ-आफ्नो देवताहरूलाई प्रार्थना गर्न थाले।

योना जहाजको भित्रि भागमा गएर सुतिरहेका थिए। [6] त्यसैले जहाजका कप्तानहरू तिनीकहाँ आएर भने, "ए सुतुवा, तिमी के गर्दैछौ? उठेर तिम्रा परमेश्वरलाई पुकार, सायद परमेश्वले तिम्रो प्रार्थना सुन्नु हुन्छ र हामी नष्ट हुनेछैनौं।"

[7] अनि तिनीहरू आपस मा भन्नलागे, "कसको कारणले गर्दा यो आपद हामीमाथि आइपर्न लागेको होला त्यो चिठ्ठा हालेर हेरौं।"

यसो भनेर तिनीहरूले चिठ्ठाहालेर हेरे, चिठ्ठा योनाको नाउँमा पर्यो। [8] मानिसहरूले योनालाई भने, "तिम्रो कारणले गर्दा यस्तो ठुलो आपद् हामीमाथि आयो! यसकारण हामीले के गर्यौं? तिम्रो काम केहो? तिमी कहाँबाट आएका हौ? तिम्रो देश कुन हो? अनि तिमी कुन जातिका हौ?"

[9] अनि योनाले मानिसहरूलाई भने, "म हिब्रू हुँ। स्वर्गका परमप्रभु परमेश्वरको आरधना गर्दछु। उहाँ परमेश्वर हुनुहुन्छ जसले समुद्र अनि पृथ्वी सृष्टि गर्नुभयो।"

[10] योनाले मानिसहरूसँग भने, मानिसहरूले यो कुरा थाहा पाए कि तिनी परमप्रभुबाट टाढा भाग्दैछन्। तब तिनीहरू अत्यन्तै डराए। अनि मानिसहरूले योनालाई सोधे, "तिमिले आफ्नो परमेश्वरको बिरुद्धमा किन नराम्रो काम गर्यौ?"

- के योना परमेश्वरबाट भाग्न सके ?
- सकेनन् ।

- के योना परमेश्वरबाट लुक्न सके ?
- सकेनन् ।

- के योना परमेश्वरबाट फुत्किन सके ?
- सकेनन् ।
- कोही पनि परमेश्वरबाट फुत्किन सक्दैन ।

- शैतान र उसका सहयोगीहरूसमेत परमेश्वरबाट फुत्किन सक्दैनन् ।

आउनुस् योना १:११-१७ पद पढौं ।

11 उता आँधी तुफान र समुद्रको छाल झन्-झन् बढ्दै थियो। त्यसैकारण योनालाई मानिसहरूले भने, "हामीले आफ्नो सुरक्षाको निम्ति के गर्नु पर्छ? समुद्रलाई शान्तगर्न को निम्ति हामीले तिमीसँग के गर्नु पर्छ?"

12 योनाले मानिसहरूलाई भने, "म जान्दछु मेरो कारणले नै समुद्रमा तुफान आएको हो, यसकारण तिमीहरूले मलाई समुद्रमा फ्याँकिदेऊ अनि तूफान शान्त भइहाल्छ।"

13 तर मानिसहरूले योनालाई समुद्रमा फ्याँकन चाँहदैन थिए। उनीहरूले जहाजलाई किनारामा ल्याउन खुबै कोसिस गरे तर त्यो हुन सकेन। आँधी तूफान र समुद्रको छाल अझ बढ्दै गयो।

14 यसकारण, मानिलहरूले परमप्रभुलाई पुकारे, "बिन्ती छ, हे परमप्रभु बिन्ति छ, यस मानिसको ज्यानको सट्टा हामी नष्ट हुन नपरोस्, र हामी निर्दोषमाथि हत्याको दोष नलागोस्, किनकि हे परमप्रभु! तपाईंलाई जस्तो इच्छा लागेको थियो, सो गर्नु भएको छ।"

15 तब तिनीहरूले योनालाई उचालेर समुद्रमा फालिदिए र समुद्र शान्त भयो। 16 तब ती मानिसहरूले
परमप्रभुको अत्यन्तै डर मान्न थाले र परमप्रभुको निम्ति भाकल गरे अनि बलिदान चढाए।

17 अनि योनालाई निल्न परमप्रभुले एउटा ठुलो माछालाई खटाउनु भयो, र तिन दिन र तिन रात योना त्यस माछाको पेटभित्र रहे।

- जब योनाले परमेश्वरले भनेको नमानेर निनवे गएनन् तब परमेश्वरले के गर्नुभयो ?

- परमेश्वरले योनालाई निल्नको लागि एउटा ठूला माछा पठाउनुभयो ।

- योना ठूलो माछाको पेटमा कति दिनसम्म परे ?
- तीन रात र तीन दिनसम्म ।

- के योना माछाको पटेमा पर्दा आफूलाई बचाउन सक्षम थिए ?
- थिएनन् ।

- योनालाई माछाको पेटभित्र कसले मात्रै बचाउन सक्थ्यो ?
- परमेश्वरले ।

- कसरी अरू सबै मानिसहरू योनाजस्तै छन् ?

- योनाले माछाको पेटभित्र पर्दा आफूलाई बचाउन नसकेजस्तै

- अरू मानिसहरूले पनि आफूले आफैलाई पाप, मृत्यु र शैतानबाट बचाउन सक्दैनन् ।

- ठूलो माछाको पेटमा योनाले के गरे ?

आउनुस् योना २:१ पद पढौं ।

योनाले माछाको पेटभित्रबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे।उनले भने,

- योनाले आफूले परमेश्वरको आज्ञा उल्लङ्घन गरेको कुरा परमेश्वरसामु स्वीकार गरे ।
- योनाले आफूले परमेश्वरको विरुद्धमा पाप गरेको कुरा परमेश्वरसामु स्वीकार गरे ।

- योनाले आफूलाई बचाइदिनुहोस् भनेर परमेश्वरको पुकार गरे ।

आउनुस् योना २:१० पद पढौं ।

10 तब परमप्रभुले माछालाई आज्ञा गर्नुभयो, र त्यले योनालाई किनारामा उगेलिदियो।

- योनाले परमेश्वरको आज्ञा नमानेर उहाँविरुद्ध आफूले पाप गरेको छु भनी स्वीकार गरेपछि परमेश्वरले के गर्नुभयो ?

- परमेश्वरले ठूलो माछाको पेटबाट योनालाई सुखा भूमिमा ओकल्न लगाउनुभयो ।

- परमेश्वरले योनालाई किन बचाउनुभयो ?

- किनभने योनाले परमेश्वरको आज्ञा उल्लङ्घन गरेको कुरा स्वीकार गरे ।

- किनभने योनाले आफूले परमेश्वरको विरुद्धमा पाप गरेको कुरा स्वीकार गरे ।

- परमेश्वरले योनालाई जोगाइसकेपछि के उहाँले योनालाई अब तिनी निनवे जानुपर्दैन भन्नुभयो ?

- भन्नुभएन ।

आउनुस् योना ३:१-२ पद पढौं ।

त्यसपछि परमप्रभुले योनालाई फेरि भन्नुभयो, [2] "तिमी निनवेको ठूलो शहरमा जाऊ अनि म जे कुरा तिमीलाई बताउँछु सो त्यहाँ प्रचार गर।"

- परमेश्वर बदलिनुहुन्न ।
- परमेश्वर कहिल्यै बदलिनुहुन्न ।

- परमेश्वर अझै पनि योनाले उहाँको सन्देश निनवेका जनतालाई पुऱ्याऊन् भन्ने चाहनुहुन्थ्यो ।
- परमेश्वर अझै पनि निनवेका मानिसहरू बाँचून् ।

- यसपालि भने के योनाले परमेश्वरको आज्ञा माने र निनवे गए ?

आउनुस् योना ३:३-५ र १० पद पढौं ।

[3] यसैले योना उठे अनि परमप्रभुको आज्ञा पालन गर्दै निनवेमा गए। निनवे साह्रै ठुलो शहर थियो, त्यो पार गर्न तिन दिन लाग्थ्यो।

[4] योना शहरको मध्य भागमा गए अनि मानिसहरूलाई प्रचारगर्न शुरु गरे। योनाले भने, "चालिस दिन पछि निनवे शहर नाश हुनेछ।"

[5] परमेश्वरबाट त्यस्तो संदेश आएपछि निनवेका मानिसहरूले परमेश्वरमाथि विश्वास गरे। अनि तिनीहरू उपवास बसे र तिनीहरूले गरेका पापहरूका निम्ति सोच्न थाले। मानिसहरूले दुःख व्यक्त गर्नका निम्ति बिशेष प्रकारको वस्त्रहरू धरण गरे। शहरको सबै साना-ठूलाहरूले यसै गर्न थाले।

[10] मानिसहरूले जुन कुरा गरेकाथिए त्यो परमेश्वरले देख्नु भयो। कसरि तिनीहरू आफ्ना कुकर्मबाट फर्किएर आए। त्यसैले परमेश्वरले आफ्नो इच्छा बद्लिनुभयो, अनि तिनीहरूमाथि जुन आपत्ति ल्यउन सोच्नु भएको थियो सो गर्नु भएन। परमेश्वरले मानिसलाई दण्ड दिनु भएन।

- यसपालि भने योनाले परमेश्वरको आज्ञा माने र निनवे गए ।
- यसपालि भने योनाले परमेश्वरको सन्देश निनवेवासीकहाँ लिएर गए ।

- योनाले निनवेका मानिसहरूलाई पापको बाटो त्यागेर परमेश्वरतर्फ फर्किन आह्वान गरे ।

- के निनवेका निवासीहरूले योनाले तिनीहरूलाई सुनाएको परमेश्वरको सन्देशमा विश्वास गरे ?
- गरे ।

- परमेश्वर तपाईं पनि निनवेका मानिसहरूजस्तै हुनुहोस् भन्ने चाहनुहुन्छ ।

- परमेश्वर तपाईंले पनि निनवेका मानिसहरूले जस्तै परमेश्वरको सन्देश सुन्नुहोस् भन्ने चाहनुहुन्छ ।

- परमेश्वर तपाईंले पनि निनवका मानिसहरूले जस्तै परमेश्वरको सन्देशमा विश्वास गर्नुहोस् भन्ने चाहनुहुन्छ ।

- परमेश्वर तपाईंले पापको बाटो त्यागरे परमेश्वरको बाटो अपनाउनुहोस् भन्ने चाहनुहुन्छ ।

- परमेश्वरले अरू धेरै मानिसहरूलाई उहाँको सन्देशवाहक बनेर मानिसहरूलाई उहाँको सन्देश सुनाउनको लागि छान्नुभयो ।

- परमेश्वरले उहाँको सन्देश अरू मानिसहरूलाई सुन्नाउन छान्नुभएका ती सन्देशवाहकहरू के कहलाइन्थे ?
- अगमवक्ता ।

- परमेश्वरले ती अगमवक्ताहरूमध्ये केहीलाई दश कुलको इज्रेलमा पठाउनुभयो ।
- परमेश्वरले ती अगमवक्ताहरूमध्ये केहीलाई दुई कुलको यहूदामा पठाउनुभयो ।

- अगमवक्ताहरूले मानिसहरूलाई के भने ?
- पापको बाटो त्याग्न र परमेश्वरको मार्ग अवलम्बन गर्न भने ।

- अगमवक्ताहरूले मानिसहरूलाई यो पनि भने कि परमेश्वर तिनीहरूले बनाएका मूर्तिहरू फ्याँकेको चाहनुहुन्छ ।

- तीमध्येका परमेश्वरका एकजना अगमवक्ताको नाउँ यशैया थियो ।
- यशैया अगमवक्ता इज्रेलको दश कुलबाट आएका थिए ।

- यहाँ परमेश्वरले अगमवक्ता यशैया मार्फत इज्रेलका दश कुललाई के भन्नुभयो भन्ने कुरा लेखिएको छ ।

आउनुस् यशैया १०:६ पद पढौं ।

6 म ती दुष्ट काम गर्नेहरूका विरूद्ध लडाइँ गर्न अश्शूरलाई पठाउनेछु। म ती मानिसहरूप्रति क्रोधित छु, अनि म अश्शूरलाई तिनीहरू विरूद्ध लडाइँ लड्न आज्ञा गर्नेछु। अश्शूरले तिनीहरूलाई पराजित गर्नेछ र तिनीहरूको धन-सम्पत्ति खोसेर लैजाने छ। अश्शूरका निम्ति इस्राएल कुल्चिने मैला-हिलो भएको ठाउँ हुनेछ।

- यदि तिनीहरूले पापको बाटो त्यागेर परमेश्वरतर्फ फर्किएनन् भने इज्रेलका दश कुलमाथि के हुनेवाला थियो ?
- परमेश्वरले अस्सुरियनहरूलाई इज्रेलका दश कुल हान्न पठाउनुहुने थियो र इज्रेलीहरूलाई तिनीहरूले दास बनाउनेवाला थिए ।

- परमेश्वरका अर्का अगमवक्ताको नाउँ यर्मिया थियो ।

- परमेश्वरका अगमवक्ता यमिया यहूदाको दुई कुलमा पठाइए ।

- परमेश्वरले यर्मिया अगमवक्तामार्फत यहूदाका दुई कुललाई भन्नुभएको कुरा लेखिएको छ ।

आउनुस् यर्मिया २०:५ पद पढौं ।

[5] शहरका सम्पत्तिहरू, यसका नाफा, सबै बहुमूल्य वस्तुहरू र यहूदाका राजाहरूका सम्पत्तिहरू तिनीहरूकै शत्रुहरूलाई नै दिनेछु। शत्रुहरू यी सबै सम्पत्तिहरू बाबेलको राजधानीमा लानेछन्।

- यदि तिनीहरूले पापको बाटो त्यागेर परमेश्वरतर्फ फर्किएनन् भने यहूदाका दुई कुलमाथि के हुनेवाला थियो ?
- परमेश्वरले बेबिलोनीहरूलाई इज्रेलका दश कुल हान्न पठाउनुहुने थियो र इज्रेलीहरूलाई तिनीहरूले दास बनाउनेवाला थिए ।

- परमेश्वर परिवर्तन हुनुहुन्न ।

- परमेश्वर अहिले पनि सबै मानिसले पापको बाटो त्यागरे परमेश्वरको बाटो अवलम्बन गरून् भन्ने चाहनुहुन्छ ।

- जसले पापको बाटो त्यागेर परमेश्वरतर्फ फर्किदैनन् तिनीहरूलाई परमेश्वरले आत्मिक मृत्युको सजाय दिनुहुन्छ ।